ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date:19.05.2024

- LS Election 5th Phase

लोकसभा चुनाउको पाँचौं चरणमा भोली हुने मतदानका लागि सबै तयारी पूरा भएको छ। यस चरणमा छहवटा राज्य र दुईवटा केन्द्रशासित प्रदेशहरूका उन्चासवटा लोकसभा आसनमा मतदान हुनेछ। यसमा उत्तर प्रदेशका चौध, महाराष्ट्रका तेह्र, पश्चिम बंगालका सात, ओडिशा र बिहारका पाँच-पाँच, झारखण्डका तीन अनि जम्मू-कश्मीर र लद्दाखका एक-एकवटा आसन शामेल छन्। यस चरणमा धेरै मन्त्रीहरू र सांसदसहित छह सय पञ्चनब्बेजना उम्मेदवार मैदानमा छन्। प्रमुख उम्मेदवारहरूमा केन्द्रिय मन्त्री एवं भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री राजनाथ सिंह, श्रीमती स्मृति ईरानी र श्री पीयूष गोयल, कंग्रेसका श्री राहुल गान्धी र श्री KL शर्मा, नेशनल कन्फ्रेन्सका श्री उमर अब्दुल्ला र लोक जनशक्ति पार्टी (रामबिलास गुट)-का श्री चिराग पासवान शामेल छन्। बिहान सात बजीदेखि शुरू हुने मतदान साँझ छह बजीसम्म चल्नेछ। ओडिशा विधानसभाका पैंतीस आसनमा पनि भोली मतदान हुनेछ। चौरानब्बे हजार सात सय बत्तीसवटा मतदान कन्द्रहरूमा नौं लाख सैंतालीस हजारभन्दा अधिक मतदानकर्मी तैनात गरिनेछ। मतदान कन्द्रहरूमा पर्याप्त छहारी, पिउने पानी, रेम्प, शौचालय, ह्विलचियर आदिको व्यवस्था हुनेछ। अधिक गर्मीलाई ध्यानमा राख्दै निर्वाचन अधिकारीहरूलाई आवश्यक उपाय निकाल्ने सल्लाह दिइएको छ। चुनाउका पहिलो चार चरणहरूमा अहिलेसम्म तेहीसवटा राज्य र केन्द्रशासित प्रदेशहरूका तीन सय उनासीवटा संसदीय निर्वाचन क्षेत्रहरूमा मतदान सम्पन्न भइसकेको छ। यी चुनाउहरूमा लगभग सड़सट प्रतिशत मतदान भएको छ।

--------------------------------------X--------------------------------------

- LS Election Sixth Phase

अर्कातिर, यसै महिनाको पच्चीस तारिक लोकसभा चुनाको छैटौं चरणमा हुने मतदानका निम्ति आठवटा राज्य र केन्द्रशासित प्रदेशहरूमा कुल आठ सय उननब्बेजना उम्मेदवार मैदानमा छन्। यसमा जम्मु-कश्मीरको अनन्तनाग-राजौरी निर्वाचन क्षेत्रमा दोस्रोपल्ट हुने चुनाउका निम्ति बीसजना उम्मेदवार पनि शामेल छन्। निर्वाचन आयोगअनुसार छैटौं चरणका लागि अन्ठाउनवटा निर्वाचन क्षेत्रमा एक हजार नौं सय अठतरजनाले पर्चा भरेका थिए, जसमा नौं सयवटा नामांकन वैध पाइए। यस चरणमा उत्तर प्रदेशमा चौधवटा लोकसभा आसनका लागि सबैभन्दा अधिक चार सय सत्तरीवटा र हरियाणामा दशवटा आशनका लागि तीन सय सत्तरीवटा नामांकन भरिएका छन्।

--------------------------------------X--------------------------------------

- EC Seizure

लोकसभा चुनाउमा धनबल र प्रलोभनलाई रोक्न निर्वाचन आयोगको प्रयासका कारण आठ हजार आठ सय उननब्बे करोड़ रूपियाँ जब्त गरिएको छ। नशालु पदार्थमाथि कडा निगरानीका कारण जब्तमा लगातार वृद्धि भइरहेछ। अहिलेसम्म तीन हजार नौं सय अन्ठाउन करोड़ रूपियाँभन्दा अधिक मूल्यको नशालु पदार्थ जब्त गरिसकिएको छ। चुनाउ प्रचारले गति पक्ड़िनका साथै आयोगले मतदाताहरूलाई लोभ्याएर प्रभावित गर्ने कोशिशमाथि कड़ा नजर राखिरहेछ। आयोगले मुख्य निर्वाचन अधिकारीहरू र प्रवर्तन एजेन्सिहरूलाई निगरानी अझ बढ़ाउने निर्देश दिएको छ।

--------------------------------------X--------------------------------------

- Award Ceremony for Logo

पर्यटन मन्त्रालय भारत सरकारको स्वदेश दर्शन 2.0 "'Explore the unexplored"-अन्तर्गत गेजिङको तत्वलाई बुझ्ने उद्देश्यले हिजो यहाँको जिल्ला पञ्चायत भवनमा एउटा व्यापक कार्यक्रम

आयोजन गरियो। क्योङ्सास्थित जिल्ला पञ्चायत भवनको सम्मेलन कक्षमा पालन गरिएको कार्यक्रममा लोगो र ट्यागलाइन प्रतियोगिता अनि विशेष उल्लेख पुरस्कारका निम्ति पुरस्कार वितरण समारोहसितै प्रकृति, सम्पदा र संस्कृतिको विषयमा फोटोग्राफी प्रतियोगिताको औपचारिक शुभारम्भ पनि गरियो। कार्यक्रमकी मुख्य अतिथि गेजिङकी अतिरिक्त जिल्लाधीश सुश्री परी बिश्नोइले प्रतियोगिताका पुरस्कार विजेताहरूलाई बधाई दिँदै भन्नुभयो, सिक्किमका युवाहरूमा धेरै क्षमता छ, जसको सही रूपमा प्रयोग गर्न सक्नुपर्छ। उहाँले स्वेच्छिक सामुदायिक हस्तक्षेपको माध्यमबाट पर्यटन क्षेत्रमा विकासको पक्षमा समावेशी दृष्टिकोणको सुझाउ दिनुभयो। सुश्री बिश्नोइले जिल्लामा उद्यमशीलता उद्यममा चासो नभएको बताउँदै प्राप्त अवसरको लाभ उठाउन सबैलाई प्रेरित गर्नुभयो।

उहाँले यस अवसरमा उपस्थित सबैलाई नशामुक्त भारतको शपथ दिलाउनुभयो अनि जीवनमा स्वस्थ र सकारात्मक दृष्टिकोणमाथि विचार गर्न प्रोत्साहित गर्नुभयो। उहाँले फोटोग्राफी प्रतियोगिताका लागि विषयवस्तुको पनि अनावरण गर्नुभयो। यो प्रतियोगिताका निम्ति प्रतिभागीले तीस जूनसम्म Gyalshingdestination@gmail.com-मा आफ्नो नाम दर्ता गर्न सक्नेछन्। लोगो र ट्याह लाइन प्रतियोगितामा अर्पन सरकार प्रथम, छोपेल दोर्जी भोटिया दोस्रो र देउराज पौड्याल तेस्रो बने। यसैगरी अन्य चारजना प्रतिभागीलाई विशेष उल्लेख पुरस्कार प्रदान गरियो।

-------------------------------------X-------------------------------------

- **Namchi Cleanliness Drive**

नशामुक्त भारत अभियानद्वारा जिल्ला प्रशासनिक केन्द्र, नाम्चीसितको सहकार्यमा हिजो जिल्ला प्रशासनिक केन्द्र परिसरमा स्वच्छता अभियान सम्पन्न गरियो। अभियानको नेतृत्व गर्दै जिल्लाधीश श्रीमती अन्नापुर्ण आलेले सबै विभागीय प्रमुख र कर्मचारीहरूसित आ-आफ्नो महकुमा र खण्ड स्तरमा पनि यस प्रकारको स्वच्छता अभियान पालन गर्ने आग्रह गर्नुभयो। नाम्चीका वरिष्ठ पुलिस अधिक्षक डाक्टर TN ग्याछो, अतिरिक्त जिल्लाधीश श्री अनन्त जैन, मुख्यालयका महकुमा अधिकारी श्री गोपाल K छेत्री, नाम्चीका महकुमा अधिकारी श्री सरन कालिकोटे आदिको उपस्थिति रहेको सफाई अभियानमा विभिन्न लाइन विभागकाका प्रमुख र कर्मचारीहरूले पनि सहभागिता जनाए।

-------------------------------------X-------------------------------------